# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

प.सं.०८०/०८१ मिति:- २०८१/०३/१०
च.नं. ५८०

श्री जो जससंग सम्बन्धित छ ।

विषय:- भूक्तानी सम्बन्धी सूचना

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० वमोजिम आर्थिक वर्ष समाप्त हुनु अगावैको ७ दिन अघि सम्पूर्ण सरकारी भूक्तानी बन्द हुने व्यवस्था भएपनि संघीय तथा प्रादेशिक कार्यालयहरु र सो कार्यालयहरुलाई महालेखा नियन्त्रक कार्यालयको च.न.२५२, मिति २०८१/०३/०२ गतेको पत्रानुसार असार २० गते पश्चात स्थानीय तहले प्रयोग गर्ने SUTRA तथा IPFMS सफ्टवेयरहरमा अत्याधिक भार पर्न गई प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने जानकारी आएको हुँदा तपशिल वमोजिमले आर्थिक प्रशासन शाखामा भूक्तानी माग गर्नहुनको लागी अनुरोध छ ।

तपशिल

१. संघीय / प्रादेशिक शशर्त, समपुरक, विशेष जस्ता (पूँजिगत) आयोजनाहरु मिति २०८१/०३/१५ गतेभित्र अनुगमन समेत समाप्त गरि पेश गर्नुपर्नेछ ।

२. संघीय / प्रादेशिक शशर्त (चालु) कार्यक्रमहरु मिति २०८१/०३/१५ गतेभित्र अनुगमन गरि कार्य सम्पादन प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

३. नगरपालिकाबाट सम्झौता भई आर्थिक प्रशासन शाखामा कार्य सम्पन्न भई भूक्तानीको लागी पेश हुन आएका योजना तथा कार्यक्रमहरुको भूक्तानी बाकी रहन गएमा भूक्तानी बाँकीको कच्चाबारी भरेर आ.व.२०८१/८२ को खाता संचालन भए पश्चात मात्र भूक्तानी हुनेछ ।

४. संघीय / प्रादेशिक शशर्त कार्यक्रम तथा संघीय / प्रादेशिक शशर्त, समपुरक र विशेष आयोजना उल्लेख भएको मिति भन्दा पछि भूक्तानी माग भई आएको अवस्थामा भूक्तानी प्रणालीमा आउने समस्याको कारणबाट सहि समयभित्र भूक्तानी हुन नसकेका सो भूक्तानीको सम्पूर्ण जिम्मा सम्बन्धित कर्मचारी / उपभोक्ता समिति / सप्लायर्स / निर्माण व्यवसायी स्वयम हुने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..................

(गणेश गुरुङ)
वरिष्ठ लेखा अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

दक्षिणकाली नगरपालिका
दर्ता नं. ४८६२
दर्ता मिति : ३१।९।०

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
पर्यटन विकास आयोजना
# इकाई कार्यालय काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

काठमाडौं, नेपाल ।

# भुक्तानी सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१।०३।०४**

यस कार्यालयवाट आ.व. २०८०/८१ को स्वीकृत "पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम" तर्फको कार्य सञ्चालनका लागि विभिन्न मितिमा खरिद सम्झौता भएका उपभोक्ता समितिहरुको भुक्तानी सन्दर्भमा श्री महालेखा नियन्त्रक कार्यालयको च.नं. २५२ मिति २०८१।०३।०२ गतेको पत्रवाट यहि असार २० गते पश्चात लेखांकन र भुक्तानीसँग सम्बन्धित विद्युतिय प्रणालीमा अत्याधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा वढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने हुँदा नियमानुसार भुक्तानीहरु २०८१ असार २० भित्रै दिने व्यवस्था मिलाउनु हुन भनी लेखि आएको व्यहोरा जानकारी गराईन्छ ।

सहजरुपमा भुक्तानीको लागि यहि असार २० गते भित्रै सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई सक्नु पर्ने भएको हुँदा यस कार्यालयसँग खरिद सम्झौता भएका उपभोक्ता समितिले रित पुगेको विल भरपाई लगायत तोकिएको कागजातहरु सम्झौतामा उल्लेखित अवधि भित्र तथा २०८१ साल असार १५ गते भित्र यस कार्यालयमा पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रित नपुगेका विल भरपाई लगायतका कागजात पेश भएको खण्डमा र तोकिएको अवधि पश्चात आएका उपभोक्ता समितिको विल भरपाई कथंम कदाचित विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा वढी भार परि प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसकी भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही नहुने र सो को जिम्मेवार स्वंय उपभोक्ता समिति हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

कार्यालय प्रमुख

इकाई प्रमुख

फोन नं.: ०१-४११५८१८/९८५१३३०५०५ email:kathdp2078@gmail.com, Website: www.uoktdp.bagamati.gov.np